*"गुरु उहाँ नै हुनुहुन्छ जोसंग तपाईंलाई पनि गुरु बनाउने साँचो हुन्छ... जसले तपाईं पनि गुरु हुनुहुन्छ र तपाईं र भगवान एकै हुनुहुन्छ भनी तपाईंलाई प्रत्यक्षीकरण गराउन सक्नु हुन्छ। बस... गुरुको कर्तव्य यत्ति नै हो।"*

*~परम गुरु चिङ्ग हाइ~*

*"हाम्रो मार्ग धर्म सिकाउने होइन। मैले कसैलाई पनि क्याथोलिक धर्म वा बुद्ध धर्म वा अरु कुनै "वाद" मा परिवर्तन गराएको छैन। मैले त खालि तपाईंलाई आफैद्वारा चिन्ने, तपाईं कहाँबाट आउनु भएको हो भन्ने थाहा पाउने, यस पृथ्वीमा तपाईंको मिशन (कर्तव्य) सम्झाउने, ब्रहमाण्डका रहस्यहरुको उदघाटन गर्ने, यहाँ किन धेरै दु:खहरु हुन्छन् भन्ने बुझाउने, र हाम्रो मृत्युपछि हामीलाई कसले कुरिरहेको हुन्छ भन्ने आदि विषयमा आफैंले पत्ता लगाउने बाटो देखाउने मात्र हो।"*

*~परम गुरु चिङ्ग हाइ~*

*"हामीहरु धेरै बेफुर्सदी भएका कारण भगवानबाट छुट्टिएका छौं। यदि कोही तपाईंसंग कुरा गर्दै हुनुहुन्छ र टेलिफोनको घण्टी पनि बज्दैछ, वा तपाईं खाना पकाउनमा व्यस्त हुनुहुन्छ वा अरुहरुसंग गफ गर्दै हुनुहुन्छ भने त्यस बखत अरु कसैले पनि तपाईंसंग सम्पर्क राख्न सक्नु हुन्न। भगवानको सम्बन्धमा पनि यस्तै हो। उहाँले हरेक दिन बोलाइरहनु भएको छ तर हामीसंग समय छैन र उहाँलाई लत्याई रहेका छौं।"*

*~परम गुरु चिङ्ग हाइ~*

# परम गुरु चिङ्ग हाइको संक्षिप्त जीवनी

परम गुरु चिङ्ग हाइको जन्म औलाक (भियतनाम) को एक धनवान तथा प्रतिष्ठित प्राकृतिक चिकित्सकको परिवारमा भएको थियो। वहाँ आफू क्याथोलिक (क्रिश्चियन) वातावरणमा हुर्केकी भएपनि वहाँले आफ्नो वज्यैबाट बौद्ध धर्मबारे प्रारम्भिक ज्ञान हासिल गर्नु भएको थियो। वहाँ बाल्यावस्थादेखि नै दर्शनशास्त्र र धार्मिक उपदेशहरुमा असामान्य रुचि राख्ने र साथ-साथै सबै चेतनशील प्राणीहरु प्रति असाधारण कृपालु दृष्टिकोण राख्ने गर्नु हुन्थ्यो। अठार वर्षको हुँदा परम गुरु चिङ्ग हाइ अध्ययनका लागि ईङ्गल्याण्ड जानु भयो र त्यसपछि रेडक्रसमा काम गर्नका लागि फ्रान्स र जर्मनी जानुभई एक जर्मन वैज्ञानिकसंग विवाह गर्नुभयो। दुई वर्षको सुखद वैवाहिक जीवनपछि आफ्नो वचपन देखिको आदर्शको परिपूर्ति गर्न वा आत्मज्ञानको खोजी गर्नका लागि आफ्नो श्रीमानसंग स्वीकृति लिई यस वैवाहिक जीवनलाई परित्याग गर्नुभयो। अनि आफ्ना शिक्षक तथा गुरुहरुका निर्देशनमा धेरै प्रकारका ध्यानाभ्यास तथा अनुशासनहरु अध्ययन गर्नु वा सिक्नु भयो। त्यसबाट वहाँलाई यस कुराको ज्ञान भयो कि एक व्यक्तिद्वारा मात्र यस दुःखी मनुष्य जातिलाई सहायता गर्नु निरर्थक छ, त्यसैले मनुष्यजातिको उद्धार गर्नु भनेको आफैंले नै सत्यको साक्षात्कार गर्नु र पूर्ण आत्मज्ञान प्राप्त गर्न सक्नु हो

भन्ने निश्चित गर्नुभयो । यसैलाई आफ्नो एकमात्र लक्ष्य मानी आत्मज्ञानको सम्पूर्ण तरीकाको खोजी गर्न वहाँले विभिन्न देशहरुमा भ्रमण गर्नुभयो। धेरै वर्षको कठिन जाँच, परीक्षा र कष्टहरुपछि मात्र अन्त्यमा परम गुरु चिङ्ग हाइले क्वान यिन तरीकाद्वारा हिमालयमा दैवीय शक्तिको प्रेषण पाउनु भयो। हिमालयमा शिविरको दौरान, केही वर्षको अथक परिश्रम तथा अभ्यासपछि वहाँले सम्पूर्ण आत्मज्ञान प्राप्त गर्नु भयो अर्थात् सत्यको साक्षात्कार गर्नुभयो । परम गुरु चिङ्ग हाइले साक्षात्कारको केही वर्षसम्म शान्त तथा शुद्ध बौद्ध भिक्षुणीको जीवन बिताउनु भयो। जबसम्म मानिसहरुले उहाँबाट निर्देशन वा दीक्षा आदिको चाहना गरेनन् तबसम्म लज्जालु स्वभावका कारण उहाँले बहुमूल्य खजानालाई गोप्य नै राख्नुभयो तर फर्मोसा (ताईवान) का पूर्व शिष्यहरु र अमेरिकाका अरु चेलाहरुका हठी आकांक्षा र प्रत्यनले गर्दा मात्र परम गुरु चिङ्ग हाइले विश्वभरि नै प्रवचन दिने तथा दशौं हजार ईमान्दार आध्यात्मिक आकांक्षीहरुलाई दीक्षित गर्ने गर्नु भएको छ।

आज विभिन्न देश तथा सबै धर्मका सत्य अन्वेषकहरु वहाँका परम ज्ञान सुन्न ओइरिइरहेका छन् । पूर्ण ईमान्दारीका साथ यस क्वान यिन तरीकाबाट तत्क्षण परम ज्ञान प्राप्त गर्न तथा अभ्यास गर्न उत्सुक व्यक्तिहरुलाई परम गुरु चिङ्ग हाइले दीक्षा दिने र अरु आध्यात्मिक निर्देशन पनि दिने गर्नुहुन्छ। वहाँका अनुसार यो'विधि उच्च र महान विधि हो।